

# २ परिवार

***यस अध्यायका मूल पदहरू:*** उत्पत्ति ३:१-१५,२ कोरन्थी ४:६, लूका १:२६-३८, मत्ती १:१८-२४, एफिसी ४:१५, १ यूहन्ना ३:१८ र व्यवस्था ६

***यस अध्यायको मूल सार पद:*** "मेरो छोरो, तिम्रो बाबुको अर्ती र शिक्षालाई सुन् र तिम्रो आमाले दिएकी व्यवस्था वा नीतिलाई पालन गर्न नभूल।" ( हितोपदेश १:८ रूपान्तरित)।

मानव जाति भएको हैशियतले हामी सधैं केही न केही जहिले पनि सिकिरहेका हुन्छौं। आखिरमा भन्नै पर्दा हाम्रो जीवन आफै पनि स्कूल हो।

"इस्राएलमा परमेश्वरप्रति बफादार हुने जनहरूको सुरुदेखि नै युवा युवतीहरूलाई शिक्षादीक्षा दिने काममा तिनीहरूले धेरै जोड दिएका थिए। बच्चादेखि बालककालसम्मदेखि नै मानिसप्रति परमेश्वरको हित, माया, उहाँको महानता, विशेष गरेर उहाँको व्यवस्थामा प्रकट गरिएको उहाँको महिमा र इस्राएलको इतिहास सिकाउनुपर्छ भनेर परमेश्वरले निर्देशन दिनुभएको थियो। भजन, प्रार्थना र धर्मशास्त्र बाइबलबाट पाठहरू ताजा दिमागले लिन सक्ने गरेर सिकाउनुपर्दछ। परमेश्वरको व्यवस्थाले उहाँको चरित्रलाई देखाउँछ भनेर बाबुआमाले आफ्ना छोराछोरीहरूलाई सिकाउनुपर्छ। जब तिनीहरूको हृदयमा परमेश्वरको व्यवस्थाका नीतिहरू सजाएर राख्दछन् तब तिनीहरूको दिमाग र मनमा परमेश्वरको स्वरुपको छाप बसिरहन्छन्। धेरैजसो सिक्षादीक्षा श्रुती अर्थात् लिखित नभएर मुखले बोलेर सिकाइन्थ्यो। तर युवाहरूले हिब्रू भाषाका लेखहरू पनि पढ्न सिक्दथे र तिनीहरूले अध्ययन गर्न पुरानो करारका मुट्ठाहरू पनि तिनीहरूको अध्ययनको निम्ति उपलब्ध हुन्थ्यो।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज्,* पृ. ६९बाट रूपान्तरित।

प्रायजसो मानव इतिहासमा शिक्षादीक्षाहरू घरमा नै सिकाइन्थ्यो। विशेष गरेर बच्चा व बालककालमा मूल सिक्ने कुराहरू घरकै आमाबाबुहरूले सिकाइन्थ्यो। हाम्रो परिवारको स्थिति जस्तोसुकै भएतापनि परिवारमा हुने शिक्षाको बारेमा बाइबलले के सिकाउँछ र वर्तमान युगमा बाइबलमा दिएका शिक्षा नीतिहरू हामी कसरी लागु गर्नसक्छौं भनेर यस अध्यायमा हामी नियाल्नेछौं।

## १. हाम्रो प्रथम् परिवार

यथार्थमा भन्ने हो भने मानव इतिहासको सुरूमा कस्तो खालको पारिवारिक शिक्षा चलेको थियो भनेर बाइबलको सुरूमा उल्लेख गरिएको छैन। तर जे भएतापनि पारिवारिक बनावटभित्रै शिक्षादीक्षा चलेको थियो भनेर हामी ठोकुवा गरेर भन्न सक्छौं।

"अदनको बगैंचामा चलेको शैक्षिक पद्धतिको केन्द्रविन्दु परिवार थियो र पठनपाठन प्रणालीको स्थापना परिवारको हितको निम्ति भएको थियो। लूका ३:३८मा आदमलाई परमेश्वरको पुत्र भनेर कहलाइएको छ। तिनीहरूको परमेश्वर पिताबाट उच्च परमेश्वरका सन्तानहरूले शिक्षादीक्षा पाएका थिए। साँच्चिक्कै भनौं भने तिनीहरूको स्कूल भन्नु नै परिवार थियो।"-एलेन जी ह्वाइट, एजुकेशन, पृ. ३३बाट रूपान्तरित।

सुरुमा सिकाइएको विषयबस्तु के थियो भनेर हामीले ठ्याक्कै भन्न सक्दैनौं। तर सुरुमा परमेश्वरको सृष्टिका अचम्म सृजनाहरू सिकाइएको हुनुपर्छ भने पाप आएपछि मुक्तिको योजना थपिएको हुनुपर्छ।

आफ्ना छोराछोरीहरूलाई देहायका विषयबस्तुहरू किन समावेश भएको हुनुपर्छ भनेर तलका बाइबलका अंशहरूले हामीलाई सिकाउँछ? हेर्नुहोस् उत्पत्ति १, २ "१ आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो। २ पृथ्वी आकारविनाको र शून्य थियो। अथाह समुद्रमाथि अन्धकार थियो, र परमेश्वरका आत्मा पानीमाथि परिभ्रमण गर्दैरहनुहुन्थ्यो। ३ अनि परमेश्वरले भन्नुभयो, "उज्यालो होस्।" तब उज्यालो भयो। ४ अनि परमेश्वरले उज्यालोलाई हेर्नुभयो, त्यो असल थियो। उहाँले उज्यालो र अँध्यारोलाई अलग-अलग गर्नुभयो। ५ परमेश्वरले उज्यालोलाई "दिन" र अँध्यारोलाई "रात" भन्नुभयो। साँझ पऱ्यो र बिहान भयो– पहिलो दिन। ६ अनि परमेश्वरले भन्नुभयो, "पानीका बीचमा एक क्षेत्र होस्, र त्यसले पानीलाई दुई भाग

गरोस्।” ७ परमेश्वरले सो बनाएर क्षेत्रमुनिको र माथिको पानीलाई अलग-
अलग गर्नुभयो। तब त्यस्तै भइहाल्यो। ८ परमेश्वरले यस अन्तरिक्षलाई
आकाश भन्नुभयो। साँझ पऱ्यो र बिहान भयो– दोस्रो दिन। ९ अनि
परमेश्वरले भन्नुभयो, “आकाशमुनि भएको पानी एक ठाउँमा जम्मा होस् र
ओबानो भूमि देखा परोस्।” तब त्यस्तै भइहाल्यो। १० परमेश्वरले ओबानो
भूमिलाई “पृथ्वी” भन्नुभयो, र जम्मा भएको पानीलाई “समुद्र” भन्नुभयो। अनि
परमेश्‍वरले हेर्नुभयो, त्यो असल थियो। ११ तब परमेश्वरले भन्नुभयो, “भूमिले
वनस्पति, बीउ हुने बोट-बिरुवाहरू र आफ्नो-आफ्नो किसिमको बीउ हुने फल
फल्ने वृक्षहरू पृथ्वीमा उमारोस्।” तब त्यस्तै भइहाल्यो। १२ भूमिले वनस्पति,
बीउ हुने बोटहरू र आफ्नो-आफ्नो किसिमको बीउ हुने फल फल्ने वृक्षहरू
उमाऱ्यो। अनि परमेश्वरले हेर्नुभयो, त्यो असल थियो। १३ साँझ पऱ्यो र
बिहान भयो– तेस्रो दिन। १४ अनि परमेश्वरले भन्नुभयो, “अन्तरिक्षमा दिन र
रात छुट्ट्याउनलाई ज्योतिहरू होऊन्। तिनीहरू ऋतुहरू, दिनहरू र वर्षहरू
छुट्ट्याउन चिन्हको रूपमा काम गरून्। १५ र पृथ्वीमा प्रकाश दिनलाई
अन्तरिक्षमा ती ज्योतिहरू होऊन्।” तब त्यस्तै भइहाल्यो। १६ अनि
परमेश्वरले दुई विशाल ज्योतिहरू बनाउनुभयो– ठूलो ज्योति दिनमाथि प्रभुत्व
गर्न, र सानो ज्योति रातमाथि प्रभुत्व गर्न। उहाँले ताराहरू पनि बनाउनुभयो।
१७ अनि परमेश्वरले पृथ्वीमा प्रकाश दिनलाई, १८ दिन र रातमाथि प्रभुत्व
गर्न अनि उज्यालो र अँध्यारोलाई अलग-अलग गर्नलाई ती आकाशमा
राख्नुभयो। र परमेश्वरले हेर्नुभयो, त्यो असल थियो। १९ साँझ पऱ्यो र बिहान
भयो– चौथो दिन। २० अनि परमेश्वरले भन्नुभयो, “पानी जीवित जन्तुहरूले
प्रशस्त गरी भरिऊन्। र पन्क्षीहरूचाहिँ पृथ्वीमाथि अन्तरिक्षमा उडून्।” २१
यसैले समुद्रका विशाल जलजन्तुहरू, पानीहरूमा भरिएका चलहल गर्ने किसिम-
किसिमका सबै जीवित प्राणीहरू र जात-जातका पखेटा भएका सबै पन्क्षीहरू
परमेश्वरले सृष्टि गर्नुभयो। र परमेश्वरले हेर्नुभयो, त्यो असल थियो। २२
अनि परमेश्वरले तिनीहरूलाई यसो भनेर आशिष् दिनुभयो, “फल्दै-फुल्दै, वृद्धि
हुँदै र समुद्रमा भरिँदैजाओ। र पन्क्षीहरूको पनि पृथ्वीमा वृद्धि हुँदैजाओस्।”
२३ अनि साँझ पऱ्यो र बिहान भयो– पाँचौं दिन। २४ अनि परमेश्वरले
भन्नुभयो, “पृथ्वीले जात-जातका जीवित प्राणीहरू, अर्थात् जात-जातका पालिने
पशुहरू, घस्रने जन्तुहरू र जात-जातका वन-पशुहरू उत्पन्न गरोस्। तब त्यस्तै
भयो। २५ परमेश्वरले पृथ्वीका जात-जातका वन-पशुहरू, जात-जातका पालिने

पशुहरू र जमिनमा घस्रने जात-जातका जन्तुहरू बनाउनुभयो। र परमेश्वरले हेर्नुभयो, त्यो असल थियो। २६ फेरि परमेश्वरले भन्नुभयो, “मानिसलाई आफ्नै स्वरूपमा, हाम्रै प्रतिरूपमा बनाऔं। तिनीहरूले समुद्रका माछाहरू, आकाशका पन्क्षीहरू, पालिने पशुहरू र जमिनमा चलहल गर्ने सबै जन्तुहरूमाथि अधिकार गरून्।” २७ यसैकारण परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो। परमेश्वरकै प्रतिरूपमा उहाँले तिनलाई सृष्टि गर्नुभयो। नर र नारी नै गरी उहाँले तिनीहरूलाई सृष्टि गर्नुभयो। २८ परमेश्वरले तिनीहरूलाई आशिष् दिनुभयो, र तिनीहरूलाई भन्नुभयो, “फल्दै-फुल्दै, वृद्धि हुँदै, पृथ्वीमा भरिँदै र त्यसलाई आफ्नो वशमा पार्दैजाओ। समुद्रका माछाहरू, आकाशका पन्क्षीहरू तथा पृथ्वीका सबै जीवित प्राणीहरूमाथि अधिकार गर।” २९ तब परमेश्वरले भन्नुभयो, “हेर, म तिमीहरूलाई पृथ्वीका सबै बीउ उमार्ने बोटहरू र फलमा नै बीउ हुने सबै फलका रूखहरू दिन्छु। ती तिमीहरूलाई आहाराको निम्ति हुनेछन्। ३० र पृथ्वीको हरेक पशु, आकाशको हरेक पन्क्षी र जमिनमा चलहल गर्ने हरेक जन्तु– हरेक प्राणी जसमा जीवन छ– तिनीहरूका आहाराको निम्ति म हरिया वनस्पति दिन्छु।” तब त्यस्तै भयो। ३१ आफूले बनाउनुभएको हरेक कुरा परमेश्वरले हेर्नुभयो। र त्यो साह्रै राम्रो थियो। साँझ पर्‍यो र बिहान भयो– छैटौं दिन।", उत्पत्ति २ "१ यसरी आकाश र पृथ्वी र तिनमा भएका सबै कुरा बनाइसिद्धिए। २ आफूले गर्नुभएका काम छैटौं दिनमा परमेश्वरले सिद्ध्याउनुभयो। र सातौं दिनमा आफूले गर्नुभएका सबै कामबाट उहाँले विश्राम लिनुभयो। ३ अनि परमेश्वरले सातौं दिनलाई आशिष् दिनुभयो र त्यसलाई पवित्र तुल्याउनुभयो, किनभने आफूले सृष्टिमा गर्नुभएका सारा कामबाट यसै दिनमा उहाँले विश्राम लिनुभयो। ४ आकाश र पृथ्वीका सृष्टिको वृत्तान्त यही हो। परमप्रभु परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभएको दिन ५ भूमिमा एउटै पनि वनस्पति थिएन, र भूमिमा कुनै घाँसपात पनि उम्रेको थिएन, किनभने परमप्रभु परमेश्वरले पृथ्वीमा पानी बर्साउनुभएको थिएन र भूमि खनजोत गर्न कुनै मानिस पनि थिएन। ६ तर पृथ्वीबाट खोलाहरू निस्की उठेर समस्त भूमिलाई भिजाउने गर्थे। ७ तब परमप्रभु परमेश्वरले भूमिको माटोबाट मानिस बनाउनुभयो, र तिनको नाकमा जीवनको सास फुकिदिनुभयो, र मानिस जीवित प्राणी भए। ८ परमेश्वरले पूर्वतिर अदनमा एउटा बगैंचा लगाउनुभयो, र उहाँले बनाउनुभएको मानिसलाई त्यहीं राख्नुभयो। ९ अनि हेर्नमा राम्रो र खानमा असल फल भएको हरेक किसिमको रूख परमप्रभु

परमेश्वरले भूमिबाट उमार्नुभयो। उहाँले बगैँचाको बीचमा जीवनको रूख र असल र खराबको ज्ञान दिने रूख पनि लगाउनुभयो। १० बगैँचा भिजाउनलाई अदनबाट एउटा नदी निस्केको थियो, र त्यहाँबाट छुट्टिएर त्यो चार शाखा भएको थियो। ११ पहिलो नदीको नाउँ पीशोन हो। यो त्यही नदी हो, जुन हवीलाको समस्त मुलुकमा बहन्छ, जहाँ सुन पाइन्छ। १२ त्यस देशको सुन असल हुन्छ। त्यहाँ खोटो र आनिक्सहरू छन्। १३ दोस्रो नदीको नाउँ गीहोन हो। कूशको समस्त देशमा बहने नदी यही हो। १४ तेस्रो नदीको नाउँ टाइग्रिस हो। यो त्यही नदी हो, जो अश्शूरको पूर्वतिर बहन्छ। र चौथो नदी यूफ्रेटिस हो। १५ परमप्रभु परमेश्वरले मानिसलाई लगेर अदनको बगैँचामा त्यसको गोड़गाड़ र हेरचाह गर्न राख्नुभयो। १६ अनि उहाँले मानिसलाई यो आज्ञा दिनुभयो, "बगैँचाका सबै रूखका फल तैंले सङ्कोच नमानी खाए हुन्छ, १७ तर असल र खराबको ज्ञान दिने रूखको फलचाहिँ नखानू, किनभने जुन दिन तिमीले त्यो खान्छौ तिमी निश्चय नै मर्नेछौ। १८ फेरि परमप्रभु परमेश्वरले भन्नुभयो, "मानिस एकलो रहन असल छैन। म त्यसको निम्ति त्यसलाई सुहाउने एउटा सहयोगी बनाउनेछु।" १९ परमप्रभुले सबै वन-पशु र आकाशका सबै पन्क्षी लाई भूमिबाट बनाएर मानिसले तिनीहरूको के-के नाउँ राख्दो रहेछ भनी हेर्न तिनीहरूलाई मानिसकहाँ ल्याउनुभयो। र मानिसले हरेक प्राणीलाई जे-जे नाउँ दिए त्यही-त्यही नै त्यसको नाउँ भयो। २० अनि मानिसले नै सबै पालिने पशु, आकाशका पन्क्षी र सबै वन-पशुहरूका नाउँ राखे। तर आदमको* निम्ति तिनलाई सुहाउँदो कोही सहयोगी पाइएन। २१ यसैकारण परमप्रभु परमेश्वरले मानिसलाई मस्त निद्रामा पार्नुभयो, र तिनी निदाएको बेलामा तिनका करङहरूमध्येको एउटा निकालेर त्यसको ठाउँमा मासु भरिदिनुभयो। २२ जुन करङ परमप्रभु परमेश्वरले मानिसबाट निकाल्नुभएको थियो, त्यसबाट एउटी स्त्री बनाएर मानिसकहाँ ल्याउनुभयो। २३ मानिसले भने, "यो त मेरै हाड़को हाड़ र मासुको मासु हो। तिनलाई स्त्री भनिने छ। किनभने तिनी पुरुषबाट निकालिएकी थिइन्।" २४ यसैकारण मानिसले आफ्ना आमा-बाबुलाई छोड्छ र आफ्नी पत्नीसँग मिलिरहन्छ, र तिनीहरू एउटै शरीर हुन्छन्। २५ मानिस र तिनकी पत्नी दुवै नाङ्गा थिए, र लजाउँदैनथे।", उत्पत्ति ३ "१ परमप्रभु परमेश्वरले बनाउनुभएका वन्य पशुहरूमध्ये सर्प सबभन्दा धूर्त थियो। त्यसले स्त्रीलाई भन्यो, "के परमेश्वरले तिमीहरूलाई बगैँचाको कुनै पनि रूखको फल

नखानू भनी भन्नुभएको छ?" २ स्त्रीले सर्पलाई भनिन्, "बगैंचाका रूखहरूका
फल हामी खान सक्छौं, ३ तर बगैंचाको बीचमा भएको रूखका फलको
विषयमा परमेश्वरले भन्नुभएको छ, 'त्योचाहिँ नखानू र नछुनू, नत्रता तिमीहरू
मर्छौ'।" ४ सर्पले स्त्रीलाई भन्यो, "तिमीहरू मर्दैनौ। ५ किनकि परमेश्वर
जान्नुहुन्छ कि जुन दिन तिमीहरू त्यो खान्छौ त्यही दिन तिमीहरूका आँखा
खुल्नेछन्, र असल र खराबको ज्ञान पाएर तिमीहरू परमेश्वरजस्तै हुनेछौ।" ६
जब स्त्रीले त्यस रूखको फल खानलाई असल र हेर्नमा रहरलाग्दो, र बुद्धि
पाउनलाई त्यस रूखको चाह गर्नुपर्ने रहेछ भनी देखिन्, तब तिनले त्यस
रूखको फल टिपेर खाइन्, र आफ्ना पतिलाई पनि दिइन्, र उनले पनि खाए।
७ अनि दुवैका आँखा खुले, र "नाङ्गै पो रहेछौं" भनी तिनीहरूले थाहा पाए।
अनि अञ्जीरका पातहरू गाँसेर आफ्ना निम्ति तिनीहरूले वस्त्र बनाए। ८ अनि
साँझपख परमप्रभु परमेश्वर बगैंचामा डुल्दैहुनुहुँदा तिनीहरूले उहाँको सोर सुने,
र मानिस र उनकी पत्नी बगैंचाका रूखहरूका बीचमा परमप्रभु परमेश्वरको
नजरबाट लुके। ९ तर परमप्रभु परमेश्वरले मानिसलाई बोलाउनुभयो, "तिमी
कहाँ छौ?" १० उनले भने, "मैले तपाईंको सोर बगैंचामा सुनें र म डराएँ,
किनभने म नाङ्गै थिएँ, र म लुकें।" ११ उहाँले सोध्नुभयो, "तिमी नाङ्गै छौ
भनेर कसले भन्यो? जुन रूखको फल नखानू भनी मैले तिमीलाई आज्ञा दिएको
थिएँ के तिमीले त्यो खायौ?" १२ मानिसले भने, "जुन स्त्री तपाईंले मलाई
मसँगै रहन भनी दिनुभएको थियो, त्यसैले मलाई त्यो रूखको फल दिई र मैले
खाएँ।" १३ अनि परमप्रभु परमेश्वरले स्त्रीलाई भन्नुभयो, "तिमीले यो के
गर्‍यौ।" स्त्रीले भनिन्, "सर्पले मलाई छल गर्‍यो, र मैले त्यो खाएँ।" १४ तब
परमेश्वरले सर्पलाई भन्नुभयो, "तैंले यसो गरेको हुनाले, "तँ सबै पालिने पशुहरू
र सबै वन-पशुहरूभन्दा ज्यादा श्रापित हुनेछस्। पेटद्वारा तँ हिँड्नेछस् र तेरो
जीवनभरि तैंले माटो खानेछस्। १५ तेरो र स्त्रीको बीचमा, र तेरो सन्तान र
स्त्रीको सन्तानको बीचमा म दुश्मनी हालिदिनेछु। त्यसले तेरो शिर
कुच्च्याउनेछ, र तैंले त्यसको कुर्कुच्चो डस्नेछस्।" १६ स्त्रीलाई उहाँले
भन्नुभयो, "तिम्रो सुत्केरी-वेदना म ज्यादै गरी बढ़ाइदिनेछु। दुःखसँग तिमीले
बालक जन्माउनेछौ। तिम्रो इच्छा पतितर्फ नै हुनेछ, र त्यसले तिमीलाई
अधीनमा राख्नेछ।" १७ त्यसपछि आदमलाई उहाँले भन्नुभयो, "तिमीले तिम्री
पत्नीको कुरा सुनेर मैले नखानू भनेको रूखको फल खाएको हुनाले, "भूमि
तिम्रो कारण श्रापित भएको छ। तिम्रो जीवनभरि दुःखसँग त्यसको उब्जनी

तिमीले खानेछौ। १८ त्यसले तिम्रो निम्ति काँढ़ा र सिउँड़ीहरू उमार्नेछ, र तिमीले खेतको सागपात खानेछस्। १९ माटोमा नफर्कुञ्जेल तिम्रो निधारको पसीनाले कमाएको भोजन तिमीले खानेछौ। किनकि माटैबाट तिमी निकालिएको थियौ। तिमी माटै होस् र माटैमा फर्किजानेछौ।" २० आदमले आफ्नी पत्नीको नाउँ हव्वा राखे, किनभने सबै जीवितहरूकी आमा तिनी नै हुन्। २१ परमप्रभु परमेश्वरले आदम र तिनकी पत्नीका निम्ति छालाका लुगा बनाई तिनीहरूलाई लगाइदिनुभयो। २२ तब परमप्रभु परमेश्वरले भन्नुभयो, "मानिस हामीजस्तै असल र खराबको ज्ञान जान्ने भएको छ। अब त्यसले जीवनको रूखको फल पनि टिपेर खान नपाओस्, नत्रभने त्यो सधैँभरि जीवित रहला।" २३ यसैकारण जुन भूमिबाट उनी बनाइएका थिए, त्यसैको खेतीकिसानी गर्न परमप्रभु परमेश्वरले उनलाई अदनको बगैँचाबाट निकालिदिनुभयो। २४ उहाँले मानिसलाई धपाइदिनुभएपछि जीवनको रूखतर्फको बाटो पहरा गर्नलाई उहाँले अदनका बगैँचाको पूर्वपट्टि करूबहरू र चारैतिर घुमिरहने ज्वालामय तरवार राखिदिनुभयो।", २ कोरन्थी ४:६ "जुन परमेश्वरले "अँध्यारोबाट ज्योति चम्कोस्" भन्नुभयो, उहाँ हाम्रा हृदयमा चम्कनुभएको छ, ताकि परमेश्वरका महिमाको ज्ञानको ज्योति ख्रीष्टको मुहारमा चम्कोस्।", लूका १०:२७ "तिनले भने, "तिमीले परमप्रभु, आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले, आफ्नो सारा समझले र आफ्नो सारा मनले प्रेम गर्, र आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर्।", गलाती ३:११ "परमेश्वरको दृष्टिमा व्यवस्थाबाट कोही मानिस धर्मी ठहरिँदैन भन्ने कुरा प्रत्यक्ष छ। किनभने "धर्मीचाहिँ विश्वासद्वारा नै जिउनेछ।" र प्रकाश २२:१२ ""हेर, म चाँड़ै आउँदैछु। हरेक मानिसलाई उसले गरेअनुसार दिने प्रतिफल मसँग छ।"

"जुन शिक्षा प्रणाली संसारको सुरुमा स्थापना भएको थियो त्यही प्रणाली संसारको जीवनभरि नमुनाको रुपमा लागु हुनुपर्दछ। अदनमा स्थापना भएको नमुना स्कूलका नीतिहरू वा विषयवस्तुहरू के हुनुपर्छ भनेर हाम्रो प्रथम् पूर्खाको घरपरिवारले चित्रण गर्दछ।" एलेन जी ह्वाइट, *एजुकेशन,* पृ. २०बाट रूपान्तरित।

सही वा सत्य इसाई शिक्षा भनेको परिवारलाई शिक्षादीक्षा दिने समर्पणता र प्रतिवद्धता हुनुपर्छ। परिवारका सदस्यहरूलाई परमेश्वरको वचनबाट दिनुपर्ने सिद्धान्त वा आत्मिक ज्ञानहरू, नीतिनिर्देशनहरू सिकाउने,

सङ्गति गर्ने, सुसमाचार प्रचार गर्ने र सेवा गर्ने जस्ता विषयवस्तुहरू हुनुपर्दछ। परमेश्वरका प्रेम र प्रतिज्ञाहरू सिकाउने प्रथम संस्था नै तपाईंको घर परिवार हुनुपर्दछ। येशू ख्रीष्ट तिनीहरूको प्रभु, मुक्तिदाता र साथी भनेर छोराछोरीहरूलाई सिकाउने वा चिनाउने प्रथम् स्कूल नै घर हो। परमेश्वरको वचन वा धर्मशास्त्र बाइबललाई अत्यन्तै उच्चस्तरमा राख्ने ठाउँ नै घरपरिवार हो। स्वर्गमा रहनुहुने हाम्रो परमेश्वर पिता कस्तो हुनुहुन्छ भने स्वस्थ सम्बन्धद्वारा प्रतिबिम्ब गर्ने ठाउँ वा आदर्श स्थान नै घरपरिवार हो।

दुवै कैयन र हाविलले परमेश्वरको सामु भेटीहरू ल्याएको उत्पत्ति ४:१-४मा हामी पढ्छौं। त्यसले गर्दा तिनीहरूले मुक्तिको योजनाको बारेमा पारिवारिक शिक्षामा तिनीहरूले सिकेकै हुनुपर्दछ भनेर हामी अनुमान गर्न सक्छौं। तर कैयनको चर्तिकलाले के देखाउँछ भने असल वा सही शिक्षा कसैले सिकियो भने त्यसलाई सिक्नेले आत्मसात् वा त्यस अनुसार चल्नेपर्छ भन्ने छैन भन्ने तथ्यमा पनि हामी सजग हुनुपर्छ।

तपाईंको घरेलु परिस्थिति जस्तोसुकै भएतापनि तपाईं रहेको घरमा सत्यलाई सिकाउने र त्यस अनुसार जिउने वातावरण तपाईंले कसरी सृजना गर्न सक्नुहुन्छ?

## २. येशूका बालककाल

येशूको बालककालको बारेमा बाइबलले अत्यन्त थोरैमात्र बताउँछ। उहाँले आफ्नो सेवाकार्य सुरू गर्नुभन्दा अघिको युवा अवस्था पनि प्रायजसो रहस्यमय नै छ। तर केही हदसम्म येशूका सांसारिक बुबा र आमाको बारेमा केही न केही हामीलाई जानकारी दिइएको छ। मरियम र युशूफको बारेमा हामीले केही सिक्न सक्यौं भने येशूको बालककाल र उहाँको सुरुको शिक्षादीक्षाको बारेमा जान्न मद्दत मिल्दछ।

देहायका पदहरूले मरियम र युशूफको बारेमा हामीलाई के सिकाउँछ जसले गर्दा येशूले प्रारम्भिक शिक्षादीक्षा उहाँकै आमाबाबुबाट पाएका थिए भनेर केही हदसम्म देखाउँछ?

लूका १:२६-३८ "२६ छैटौं महिनामा परमेश्वरले गब्रिएल स्वर्गदूतलाई गालीलको नासरत नाउँको सहरमा पठाउनुभयो। २७ तिनी एउटी कन्ये-केटीकहाँ गए जसको मगनी दाऊदका घरानाको योसेफ भन्ने एक जना मानिससँग भएको थियो। त्यस कन्याको नाउँ मरियम थियो। २८ स्वर्गदूतले

तिनीकहाँ गएर भने, “हे कृपा-पात्र, तिमीलाई अभिवादन! परमप्रभु तिमीसँग
हुनुहुन्छ।” २९ तर तिनी त्यस कुराले साह्रै विचलित भइन्, र यो कस्तो
किसिमको अभिवादन हो भनी मनमा सोच्न लागिन्। ३० स्वर्गदूतले तिनलाई
भने, “नडराऊ, मरियम, किनभने तिमीले परमेश्‍वरबाट कृपा पाएकी छ्यौ। ३१
अब हेर, तिमीले गर्भधारण गर्नेछ्यौ, र एउटा छोरो जन्माउनेछ्यौ, र तिमीले
उहाँको नाउँ येशू राख्‍नेछ्यौ। ३२ उहाँ महान् हुनुहुनेछ, र परमप्रधानका पुत्र
कहलाइनुहुनेछ, र परमप्रभु परमेश्‍वरले उहाँलाई उहाँका पुर्खा दाऊदको
सिंहासन दिनुहुनेछ। ३३ उहाँले याकूबको वंशमाथि सदासर्वदै राज्य गर्नुहुनेछ,
र उहाँको राज्यको अन्त्य हुनेछैन।” ३४ मरियमले स्वर्गदूतलाई भनिन्, “यो
कसरी हुन सक्छ, किनकि म एक कन्या हुँ।” ३५ स्वर्गदूतले तिनलाई जवाफ
दिएर भने, “पवित्र आत्मा तिमीमा आउनुहुनेछ, र सर्वोच्चका शक्तिको छाया
तिमीमाथि पर्नेछ। यसैकारण जो जन्मनुहुनेछ, उहाँ पवित्र, अर्थात् परमेश्‍वरका
पुत्र कहलाइनुहुनेछ। ३६ हेर, तिम्री नातेदार एलीशिबाले पनि तिनको
वृद्धावस्थामा छोरो गर्भधारण गरेकी छिन्, र जो बाँझी कहलाइएकी थिइन्, तिनी
अहिले छैटौँ महिनामा छिन्। ३७ किनकि परमेश्‍वरको निम्ति कुनै कुरा
असम्भव छैन।” ३८ अनि मरियमले भनिन्, “हेर्नुहोस्, म परमप्रभुकी दासी,
मलाई तपाईंको वचनअनुसार होस्।” तब स्वर्गदूत तिनीबाट बिदा भए।", लूका
१:३९-५६ "३९ ती दिनमा मरियम आतुरीसँग पहाड़तर्फ यहूदियाको एउटा
गाउँमा गइन्, ४० र जकरियाको घरमा पसेर एलीशिबालाई अभिवादन गरिन्।
४१ जब एलीशिबाले मरियमको अभिवादन सुनिन् तब तिनको गर्भमा बालक
उफ्र्‍यो, र एलीशिबा पवित्र आत्माले भरिपूर्ण भइन्, ४२ र एलीशिबाले चर्को
सोरले भनिन्, “स्त्रीहरूमा तिमी धन्यकी हौ, र तिम्रो गर्भको फल धन्यको हो।
४३ ममाथि कसरी यस्तो कृपा भयो कि मेरा प्रभुकी आमा मकहाँ आइन्।
४४ किनभने हेर, तिम्रो अभिवादन मेरो कानमा पर्ने बित्तिकै बालक मेरो गर्भमा
आनन्दले उफ्र्‍यो। ४५ तिनी धन्यकी हुन्, जसले परमप्रभुले तिनलाई
भन्‍नुभएको कुरा पूरा हुनेछ भनी विश्‍वास गरिन्।” ४६ अनि मरियमले भनिन्,
“मेरो प्राणले परमप्रभुको गुणगान गर्दछ, ४७ र मेरो आत्मा मेरा मुक्तिदाता
परमेश्‍वरमा रमाहट गर्दछ। ४८ किनकि उहाँले आफ्नी दासीको दीनतामा
कृपा-दृष्‍टि गर्नुभएको छ, हेर, अब उप्रान्त सबै पुस्ताले मलाई धन्यकी
भन्‍नेछन्। ४९ किनभने उहाँ, जो शक्तिशाली हुनुहुन्छ, उहाँले मेरो निम्ति महान्
काम गर्नुभएको छ। उहाँको नाउँ पवित्र छ। ५० उहाँको भय मान्‍नेहरूमाथि

उहाँको कृपा पुस्तादेखि पुस्तासम्म रहनेछ। ५१ उहाँले आफ्नो बाहुलीको सामर्थ्य प्रकट गर्नुभएको छ। उहाँले मनभित्रको कल्पनामा घमण्ड गर्नेहरूलाई छरपष्ट पार्नुभएको छ। ५२ उहाँले शक्तिशालीहरूलाई तिनीहरूका सिंहासनबाट हटाउनुभएको छ, र दीनहरूलाई उचाल्नुभएको छ। ५३ भोकाएकाहरूलाई उहाँले असल चीजहरूले तृप्त पार्नुभएको छ, र धनीहरूलाई उहाँले रित्तै हात पठाउनुभएको छ। ५४ उहाँले आफ्नो कृपा स्मरण गरेर आफ्नो सेवक इस्राएललाई सहायता दिनुभएको छ, ५५ र हाम्रा पुर्खाहरूलाई भन्नुभएझैं, अब्राहाम र उनको भावी सन्तानलाई सदाकालको निम्ति दया देखाउनुभएको छ।” ५६ मरियम तिनीसँग प्रायः तीन महिना बसेर आफ्नो घर फर्किन्।" र मत्ती १:१८-२५ "१८ येशू ख्रीष्टको जन्म यस प्रकारले भयोः उहाँकी आमा मरियमको मगनी योसेफसँग भएको थियो, तर उनीहरूको विवाह हुन अघि मरियम पवित्र आत्माद्वारा गर्भवती भएकी थाहा भयो। १९ तर तिनका पति योसेफ धार्मिक मानिस भएका हुनाले, तिनलाई शर्ममा पार्ने इच्छा नगरी तिनलाई गुप्तमै त्याग्ने इच्छा गरे। २० तर जब उनले यी कुरा विचार गर्दैथिए, सपनामा परमप्रभुका दूत देखा परे, र उनलाई यसो भने, “योसेफ, दाऊदका छोरा, तिम्री पत्नी मरियमलाई स्वीकार गर्न नडराऊ, किनभने जो तिनको गर्भमा हुनुहुन्छ, उहाँ पवित्र आत्माबाट हुनुहुन्छ। २१ तिनले एउटा पुत्र जन्माउनेछिन्, र तिमीले उहाँको नाउँ येशू राख्नेछौ, किनभने उहाँले आफ्ना मानिसहरूलाई तिनीहरूका पापबाट बचाउनुहुनेछ।” २२ अगमवक्ताद्वारा परमप्रभुले बोल्नुभएको वचन पूरा हुनलाई नै यी सबै भएका हुन्: २३ “हेर, एउटा कन्याले गर्भधारण गर्नेछिन्, र त्यसले एउटा पुत्र जन्माउनेछिन्, र उहाँको नाउँ इम्मानुएल राखिनेछ,” जसको अर्थ हो, “परमेश्वर हामीहरूसँग।” २४ योसेफ निद्राबाट ब्यूँझे, र परमप्रभुका दूतले उनलाई भनेबमोजिम उनले मरियमलाई आफ्नी पत्नीको रूपमा स्वीकार गरे। २५ मरियमले पुत्र नजन्माउञ्जेल योसेफले तिनीसँग सहवास गरेनन्। योसेफले उहाँको नाउँ येशू राखे।"

माथीका पदहरूले यो बताउँछ कि दुवै मरियम र युशूफ यहूदी धर्मका पक्का विश्वासीहरू थिए। परमेश्वरको व्यवस्था र आज्ञाहरूको नीति अनुसार चल्न तिनीहरू खोज्दथे। अनि जब स्वर्गदूत तिनीहरूकहाँ आए र तिनीहरूमा के हुनेछ भनेर बताए तब तिनीहरूले उहाँले भनेकै बमोजिम काम गरेका थिए।

"कुनै पनि सांसारिक र धार्मिक सिनिगग स्कूलमा  बालक येशूले शिक्षादीक्षा पाउनुभएको थिएन। उहाँकी आमा नै उहाँको प्रथम मानवीय शिक्षिका थिइन्। उनकै मुखारबाट र भविष्यवक्ताले लेखेका मुट्ठाहरूबाट स्वर्गका बस्तुहरूको बारेमा उहाँले सिक्नुभएको थियो। जुन बचनहरू इस्राएलको मोशालाई उहाँले बोल्नुभएको थियो अब उहाँले आफ्नी आमाको पाऊमुनी बसेर सिक्नुभएको थियो। जब उनी बालककलाबाट युवा अवस्थामा बढ्नुभयो तब उहाँले तत्कालिन धर्मगुरु रब्बीहरूका स्कूलहरूमा गएर सिक्न खोज्नुभएन। अरू कुनै मानवीय स्रोतहरूबाट उहाँले शिक्षादीक्षा लिनु आवश्यक थिएन, किनभने परमेश्वर आफैले उहाँलाई सिकाउनुहुन्थ्यो।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ.७०बाट रूपान्तरित।

तत्कालिन इस्राएलमा उल्लेखनीय, असल र धार्मिक गुरुहरू नभएको होइन। तर लूका २:४१-५० पढ्नुहोस्ः "४१ उहाँका आमा-बुबा निस्तारचाड्मा प्रतिवर्ष यरूशलेम जाने गर्थे। ४२ जब येशू बाह्र वर्षका हुनुभयो, तब उहाँहरू चाड्को रीतिअनुसार यरूशलेममा जानुभयो। ४३ चाड्का दिन सिद्धिएपछि तिनीहरू फर्कदा बालक येशू यरूशलेममै रहनुभयो। योचाहिँ उहाँका आमा-बुबाले थाहा पाएनन्। ४४ उहाँ यात्रीहरूको दलमा हुनुहुन्छ भनी ठानेर तिनीहरू एक दिनको बाटो गए। उहाँलाई तिनीहरूले नातेदार र चिनाजानाहरूका बीचमा खोजे, ४५ तर नभेट्टाउँदा तिनीहरू उहाँलाई खोज्दै फेरि यरूशलेममा फर्के। ४६ तीन दिनपछि तिनीहरूले उहाँलाई मन्दिरमा शिक्षकहरूका बीचमा बसेर तिनीहरूका कुरा सुन्दै तिनीहरूलाई प्रश्न गरिरहनुभएको भेट्टाए। ४७ सुन्नेहरू सबै उहाँको समझ-शक्ति र उहाँका उत्तरहरूमा छक्क पर्दथे। ४८ उहाँलाई देखेर उहाँका आमा-बुबा चकित भए, र उहाँकी आमाले भनिन्, "छोरो, तिमीले हामीलाई यो के गरेको? हेर, तिम्रा बुबा र म हैरान भएर तिमीलाई खोजिरहेका थियौं।" ४९ उहाँले तिनीहरूलाई भन्नुभयो, "तपाईंहरूले मलाई किन खोज्नुभएको? के म आफ्ना पिताको घरमा हुनुपर्छ भन्ने तपाईंहरूलाई थाहा थिएन?" ५० तर उहाँले तिनीहरूलाई भन्नुभएको कुरा तिनीहरूले बुझेनन्।" यस बृतान्तले येशूका आमाबाबुहरूलाई उहाँहरूका छोरोको बारेमा कतिपय कुराहरू बुझेका थिएनन् भनेर देखाउँछ किनकी  उहाँमा भएका ज्ञान र बुद्धि परमेश्वर आफैबाट पाउनुभएको थियो।

माथि एलेन जी ह्वाइटले व्यक्त गर्नुभएको येशूका शिक्षकहरूको बारेमा फेरि पढ्नुहोस्। येशू ख्रीष्ट आफैले बोल्नुभएको वचनले आफ्नी आमाबाट

उहाँले के सिक्नुभएको थियो भन्ने कुरालाई हाम्रो दिमागमा कसरी घुसार्ने? हामी पतित, पाप र अन्धकारको संसारमा रहनेहरूले त्यसको प्रत्यत्तर कसरी दिने?

## ३. सञ्चार वा संवाद

**(Communication** *भन्ने शब्दको अर्थहरू शब्दकोश अनुसार धेरै छन्। तिनीहरूमाःजानकारी दिनु, सूचना वा बिचारको आदानप्रदान, संवाद, खबर दिनु, हाल, सञ्चार, ज्ञान वा आफूले पाएको शिक्षादीक्षा अरूलाई सिकाउनु वा भन्नु-अनुवादकको थप)।*

यथार्थमा, शिक्षा भनेकै एकमा भएको कुनै पनि जानकारी कुनै पनि तहको व्यक्तिलाई दिनु हो। शिक्षकमा ज्ञान, आत्मज्ञान, बुद्धि, सूचना तथा खबरहरू, तथ्य कुरा आदि हुन्छन्। ती सबै कुराहरू आफ्ना विद्यार्थीसामु पुऱ्याउँछन्। यदि कसैको दिमाग धेरै ज्ञान वा आत्मज्ञानहरूले भरिएका छन् भने ती ज्ञानहरू अरू मानिसहरू सामु पुऱ्याउनुपर्छ वा तिनीहरूलाई सिकाउनुपर्छ। नत्र भने आफूसँग भएको ज्ञानहरूको अर्थ के छ र यदि अरूलाई सिकाएनन् भने? आफ्नो दिमागमामात्र पोको पारिराख्ने ज्ञान यदि जनसमक्ष पुऱ्याएन भने त्यो असल छ भन्न मिल्दैन।

अर्को तहमा भन्नु पर्दा, सिकाउने कलामा निपुण भयो वा अनेकौं डिग्रीहरू हासिल गरेर शिक्षण पेशामा राम्रो खुबी भयो भन्दैमा उसमा भएको असल ज्ञान अरूलाई दिन उनी समर्थ भयो भन्ने छैन। शिक्षण पेशाको निर्णायक वा महत्त्वपूर्ण पक्ष भनेकै एक अर्कासँगको सम्बन्धको निर्माण गर्ने प्रक्रियामा लाग्नु हो। "इमान्दारी र सत्यवादी शिक्षकले आफूसँग भएका विभिन्न अमूल्य बरदानहरूमा तिनीहरूलाई दिने आफ्नो मित्रता पनि एक हुन सक्छ ( अर्थात् शिक्षक र विद्यार्थीको सम्बन्धलाई जोड्न शिक्षक पनि साथी हो भन्ने प्रत्याभूति दिन सक्ने खुबी)। चाहे पुरुष होस् वा स्त्रीलाई होस् र विशेष गरेर युवा युवती र साना बालबालिकाहरू होस् यदि तिनीहरूलाई सहानुभूतिको स्पर्शद्वारा वा तिनीहरूसँग हिलमिल भएर खुला दिलले सम्बन्ध राख्न सकियो भने तिनीहरूलाई हामी बुझ्न सक्दछौं। यदि हामी तिनीहरूलाई प्रभावकारीरूपमा फाइदा दिन चाहन्छौं भने तिनीहरूको बारेमा बुझ्नु वा तिनीहरूको स्वभावप्रति परिचित हुनु आवश्यक भएको हामीले ठान्नुपर्दछ।"-एलेन जी ह्वाइट, *एजुकेशन,* पृ. २१२बाट रूपान्तरित।

अर्को भाषामा भन्ने हो भने असल शिक्षण पेशामा तलव पाउन काम गर्ने प्रवृत्ति भन्दा माथि उचलिएर विद्यार्थीहरूको बीचमा भावात्मक र व्यक्तिगत राख्न सकियो भने शिक्षकले दिएको ज्ञान प्रभावकारी हुन सक्छ। परिवार आफै स्कूल भएको हुनाले त्यो अवधारणा धेरै महत्त्वपूर्ण मान्नु पर्दछ। विद्यार्थी र शिक्षकको बीचमा असल सम्बन्धको निर्माण हुनु जरुरी छ।

तर कसरी असल सम्बन्ध निर्माण हुने हो त? कुनै पनि कसैसँग सम्बन्ध निर्माण वा स्थापना गर्न चाहन्छ र एक आपसमा सुमधुर सम्बन्ध बिकाश गर्न चाहन्छ भने एक आपसमा खुला संवाद, सञ्चार र वैचारिक आदानप्रदान हुनै पर्छ। जब येशूभक्त हुँ भनेर दावी गर्नेले बाइबल अध्ययन गरेर र प्रार्थना गरेर परमेश्वरसँग सम्पर्क राखिरहेन भने तिनीहरूको सम्बन्ध परमेश्वरसँग सुस्त वा चिसो हुन जान्छ। यदि येशू ख्रीष्टको अनुग्रह र ज्ञानमा बढ्ने हो भने परिवारहरूलाई पनि परमेश्वरको अगुवाइको आवश्यक भएको महसुस गर्नै पर्छ।

**देहायका पदहरू पढ्नुहोस्। चाहे परिवारमा होस् वा कुनै व्यक्तिसँगको सम्बन्धमा होस्, हामीहरूको सम्बन्धलाई मजबुत पारिराख्न ती पदहरूले हामीलाई के सिकाउँछ? हेर्नुहोस्, भजन ३७:७-९ "७ परमप्रभुको सामुन्ने मौन बस र धैर्यपूर्वक उहाँको प्रतीक्षा गर। मानिस आफ्ना कुमार्गमा फलिफाप हुँदा र त्यसले खराब युक्तिहरू कार्यान्वयन गर्दा तिमी झर्को नमान। ८ रिसाउन छोड र क्रोधलाई त्याग। झर्को नमान, यसले खराबी गर्नीतिर मात्र ढल्काउँछ। ९ किनकि कुकर्मीहरू बहिष्कृत हुनेछन्, तर परमप्रभुको प्रतीक्षा गर्नेहरूले देश अधिकार गर्नेछन्।", हितोपदेश १०:३१,३२ "३१ धर्मीको मुखबाट बुद्धिको कुरा निस्किन्छ, तर भड्काउने जिब्रो काटिनेछ। ३२ धर्मात्माका ओठले ग्रहणयोग्य कुरा जान्दछन्, तर दुष्टको मुखले बाङ्गोटिङ्गो कुरा मात्रै गर्दछ।", हितोपदेश २७:१७ "१७ फलामले फलामलाई उध्याएजस्तै एउटाले अर्को मानिसलाई उध्याउँछ (वा तिखो पार्छ)", एफिसी ४:१२-१६ "१२ ख्रीष्टको शरीर निर्माण होस् र सेवाको काम गर्न सन्तहरू सुसज्जित होऊन्, १३ जबसम्म हामी सबैले विश्‍वासको र परमेश्वरका पुत्रको ज्ञानको एकता प्राप्त गर्दैनौं, र परिपक्व मानिस बनी ख्रीष्टका पूर्णताको नापसम्म पुग्दैनौं। १४ यसरी हामी छालले अगि-पछि हुत्त्याइएका, धार्मिक-सिद्धान्तको प्रत्येक बतासले र मानिसहरूका जालझेल, धूर्तता र फटयाइँले यताउता उड़ाइएका बालकहरूजस्ता नहोऔं। १५ *बरु प्रेमसित सत्य बोल्दै हरेक कुरामा हामी उहाँसम्मै, अर्थात्***

*ख्रीष्टसम्मै बढ्दैजाऔं, जो शिर हुनुहुन्छ*। १६ उहाँबाट नै सारा शरीर प्रत्येक जोर्नीद्वारा जोडिएको र बाँधिएको भई प्रत्येक भागले ठीक-ठीक काम गरी सुगठित हुनेछ र प्रेममा वृद्धि हुँदैजानेछ।", १ यूहन्ना ३:१६-१८ "१६ यसैबाट प्रेम के हो हामी थाहा पाउँछौं, कि उहाँले हाम्रा निम्ति आफ्नो प्राण दिनुभयो। हामीले पनि आफ्ना दाजुभाइहरूका निम्ति आफ्नो प्राण दिनुपर्छ। १७ कसैसित संसारको धन-सम्पत्ति छ, र पनि आफ्ना दाजुभाइलाई खाँचोमा परेको देख्दा उनीहरूप्रति आफ्नो मन कठोर पार्छ भने, परमेश्वरको प्रेमले कसरी त्यसमा वास गर्छ? १८ *साना बालकहरू, वचन र बोलीले मात्र हामी प्रेम नगरौं, तर काम र सत्यताले प्रेम गरौं।*", तितस ३:१-२ "१ शासकहरू र अधिकारीहरूका वशमा रहनू र उनीहरूका आज्ञाकारी हुनू, र कुनै पनि ईमानदार काममा तत्पर रहनू भनी तिनीहरूलाई याद दिलाइदेऊ। २ तिनीहरूले कसैको बदनामी नगरून्, झैंझगड़ाबाट अलग बसून्, नम्र होऊन् र सबै मानिससँग भद्रताको व्यवहार गरून्।" र याकूब ४:११-१२ "११ भाइ हो, एउटाले अर्काको विरुद्धमा खराब कुरा नगर। जसले आफ्नो भाइको विरुद्धमा खराब बोल्छ, अथवा आफ्नो भाइलाई दोष लाउँछ, त्यो व्यवस्थाको विरुद्धमा बोल्छ, र त्यसले व्यवस्थाको दोष देखाउँछ। तर यदि तिमीले व्यवस्थाको दोष देखाउँछौ भने त तिमी व्यवस्थाबमोजिम चल्ने भएनौ, तर व्यवस्थाको न्यायकर्ता पो भयौ। १२ व्यवस्था दिने र न्यायकर्ता त एउटै हुनुहुन्छ, जसले बचाउन र नाश गर्न पनि सक्नुहुन्छ। तर आफ्नो छिमेकीलाई दोष लाउने तिमीहरू को हौ?"

सही संवाद, सम्पर्क, कुराकानी र बोलिचालिको बिऊ छरिन्दा परिवारका सदस्यहरू येशूसँग व्यक्तिगत सम्बन्ध राख्नमात्र तयार पार्दैन त्यसले परिवारको बीचमा पनि पारस्परिक सम्बन्ध राख्न मद्दत गर्दछ। जब तपाईंका छोराछोरीहरू हुर्केर ठूलो हुन्छन् र घरबाट विभिन्न कारणहरूले बाहिरिन्छन् तब परिवारमा सँगै रहेको बेलामा पारस्परिक बोलिचाली वा सुमधुर सम्बन्ध राख्न सक्नुभएकोमा तपाईं खुशी हुनुहुनेछ। किनभने बाबुआमा र छोराछोरीहरूको बीचमा सानैदेखि मेलमिलाप र एक आपसमा बोलिचाली गर्ने नीतिले तिनीहरू ठूलो भएपनि परिवारसँग सम्पर्क राखि छोड्ने ढोका खोलिरहेको हुन्छ। तपाईंको सन्तानमै नहोला तर पारस्परिक सम्बन्धको निम्ति जुन नीतीहरू माथिका पदहरूमा दिइएका छन् ती नीतिहरू सबै खालका सम्बन्धहरूमा कार्यान्वन गर्न सकिन्छ।

यो सोच्नुहोस्, जुनसुकै बोली पनि तपाईंले के भन्नुहुन्छमात्र होइन कसरी भन्नुहुन्छ भन्ने कुरा पनि किन महत्त्वपूर्ण मान्नुपर्छ। तपाईंले ठिकै वा सत्य बोले पनि तपाईंले के भन्नुभयो वा कसरी भन्नुभयो त्यसले नराम्रो प्रभाव पारेको परिस्थितिलाई सोच्नुहोस्। त्यसबाट तपाईंले के सिक्नुभयो?

## ४. बुबाआमाका भूमिका

**"बुबा हो, आफ्ना छोराछोरीलाई रीस नउठाओ, तर तिनीहरूलाई प्रभुको अनुशासन र शिक्षामा हुर्काओ।", "बुबा हो, आफ्ना छोराछोरीहरूलाई रीस नउठाओ, नत्रता तिनीहरू निराश हुनेछन्।" कलस्सी ३:२१ र "उच्च चरित्र भएकी पत्नी कसले पाउन सक्छ? तिनी मानिकभन्दा पनि अति नै बढ़ी मूल्यकी हुन्छिन्।" हितोपदेश ३१:१०।**

(कतिपय समाजमा बाबु आमा हुनु हलुकारुपमा लिन्छन्। छोराछोरीहरू पाउँछन् त समाज र संस्कार यस्तै हो भनेर न त बाबुले न त आमाले तिनीहरू जन्माउनु भनेको गम्भिर विषय ठान्दछन्)। तर बाबुआमामा ठूलो र गम्भिर जिम्मेवारी हुन्छन्। निःसन्देह, परिवारको मूल बाबु हो। चर्च, स्कूल, समाज र देशको निम्ति पूर्व प्राथमिक वा शिशुशाला घरपरिवार हो। यदि बाबु कमजोर छ, आफ्नो जिम्मेवारी बहन गर्न चाहन्दैन, असक्षम छ, बाबु हुन सुहाउँदैन वा परिवारलाई थिचोमिचो गर्ने प्रवृत्तिले ग्रस्त छ भने परिवार, चर्च, स्कूल र समाजले त्यसको नतिजा नराम्रोसंग भोग्नुपर्छ। पवित्र आत्मको फल वा गुणहरू बाबुमा हुनुपर्दछ र देखाउनु पर्दछ-"प्रेम वा माया, आनन्द, शान्ति, सहनशील, भद्रपन वा कोमलता, असलपना, विश्वास, नम्रता, संयम" (गलाती ५:२२,२३)।

बाबुभन्दा अझ आमा त समाजको सबै तहमा महत्त्वपूर्ण भूमिका रहेको छ भनेर स्वीकार्नुपर्दछ। तिनीहरूको बालबालिकाको स्वभावको उचितरुपमा निर्माण गर्न र घरमा नै संयम स्वभाव र व्यक्तित्व विकाशको निर्माण गर्न आमाको भूमिका उच्च हुन्छ। कुनै पनि छोरा छोरीहरूमा आमाको प्रभाव गहिरो हुन्छ। आफ्ना छोरा छोरीहरूलाई शिक्षादीक्षा दिन दुवै बाबु र आमा मिल्नुपर्छ नत्र भने केवल आमाको भरमामात्र तिनीहरूलाई हुर्काउँदा बाबुले आमाप्रति ठूलो अन्याय गरिरहेको हुन्छ।

**देहायका पदहरूबाट बाबु र आमा वा पति र पत्नी हुने जिम्मेवारी बोकेकाहरूले के नीतिहरू सिक्न सकिन्छ? हेर्नुहोस्, एफिसी ५:२२-३० "२२**

पत्नी हो, प्रभुको अधीनमा रहेजस्तै आ-आफ्ना पतिको अधीनमा बस। २३ किनकि पति पत्नीको शिर हो, जसरी ख्रीष्ट मण्डलीको शिर हुनुहुन्छ, जुन मण्डली उहाँको शरीर हो, र उहाँ स्वयम् त्यसको मुक्तिदाता हुनुहुन्छ। २४ जसरी मण्डली ख्रीष्टको अधीनमा छ, त्यसरी नै पत्नीहरू पनि हरेक कुरामा पतिहरूका अधीनमा रहून्। २५ पति हो, आफ्ना पत्नीहरूलाई प्रेम गर, जसरी ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो, र त्यसको निम्ति आफूलाई अर्पण गर्नुभयो, २६ यस हेतुले कि उहाँले त्यसलाई पानीले धोएर वचनद्वारा पवित्र पार्न सकून्, २७ र उहाँले दाग वा चाउरी नभएको, अथवा यस्ता कुनै कुरा नभएको तेजस्वी मण्डली आफैकहाँ प्रस्तुत गर्न सकून्, र त्योचाहिँ पवित्र र निष्खोट होस्। २८ त्यसरी नै पतिहरूले पनि आ-आफ्ना पत्नीलाई आफ्नै शरीरलाई झैं प्रेम गर्नुपर्छ। आफ्नी पत्नीलाई प्रेम गर्नेले आफैलाई प्रेम गर्छ। २९ किनकि कुनै मानिसले कहिल्यै आफ्नो शरीरलाई घृणा गर्दैन, तर त्यसको कदर गरेर पालनपोषण गर्दछ, जसरी ख्रीष्टले पनि आफ्नो मण्डलीको निम्ति गर्नुहुन्छ, ३० किनभने हामी उहाँका शरीरको अङ्ग हौं।", १ कोरन्थी ११:३ "तिमीहरूले यो बुझ भन्ने म चाहन्छु, कि हरेक मानिसको शिर ख्रीष्ट हुनुहुन्छ, स्त्रीको शिर तिनको पति हो, अनि ख्रीष्टको शिर परमेश्वर हुनुहुन्छ।", २ कोरन्थी ६:१४-१८ "१४ अविश्वासीहरूसँग एउटै जुवामा ननारिओ। किनकि धर्म र अधर्मको के साझेदारी हुन्छ? अथवा अँध्यारोसँग उज्यालोको के सहभागिता? १५ ख्रीष्टको बेलिआलसँग के सरोकार? वा विश्वास गर्नेको विश्वास नगर्नेसित के समानता? १६ मूर्तिहरूसँग परमेश्वरको मन्दिरको के सम्झौता? किनभने हामी जीवित परमेश्वरका मन्दिर हौं, जसरी परमेश्वरले भन्नुभएको छ, "म तिनीहरूमा वास गर्नेछु, र तिनीहरूका बीचमा हिँड्डुल गर्नेछु, र म तिनीहरूका परमेश्वर हुनेछु, अनि तिनीहरू मेरा प्रजा हुनेछन्" १७ "यसकारण तिनीहरूका बीचबाट निस्केर आओ, र तिनीहरूबाट तिमीहरू अलग होओ, परमप्रभु भन्नुहुन्छ। अशुद्ध कुरा केही नछोओ, र म तिमीहरूलाई ग्रहण गर्नेछु। १८ म तिमीहरूका पिता हुनेछु, र तिमीहरू मेरा छोरा-छोरीहरू हुनेछौ, सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ।", रोमी १३:११-१४ "११ यो वर्तमान समय कस्तो छ, सो तिमीहरूलाई थाहा छ। अब निद्राबाट ब्यूँझने ठीक बेला आइपुगेको छ, किनकि हामीले पहिले विश्वास गरेको भन्दा अहिले हाम्रो मुक्ति अझ नजिक छ। १२ रात बितिसक्यो, र दिन नजिकै आइपुगेको छ। यसकारण अन्धकारका काम छोड़ेर हामी ज्योतिका हातहतियार धारण गरौं। १३ दिउँसोजस्तै गरी हामी ठीकसँग चलौं।

मोजमज्जामा, पियक्कडपनमा, व्यभिचारमा, भ्रष्टाचारमा, झगड़ामा र डाहमा होइन। १४ तर प्रभु येशू ख्रीष्टलाई धारण गर, र पापमय स्वभावको अभिलाषा पूरा गर्ने कुरामा ध्यान नदेओ।", २ पत्रुस १:३-१० "३ आफ्नो महिमा र श्रेष्ठताद्वारा हामीलाई बोलाउनुहुनेलाई हामीले चिनेका हुनाले परमेश्वरको दिव्य शक्तिद्वारा जीवन र भक्तिको निम्ति हामीलाई चाहिने प्रत्येक थोक उहाँले दिनुभएको छ। ४ यसैद्वारा उहाँले हामीलाई उहाँको अनमोल र महान् प्रतिज्ञाहरू दिनुभएको छ, कि यस संसारका कुइच्छाबाट आउने भ्रष्टताबाट उम्केर तिमीहरू ईश्वरीय स्वभावका सहभागी होओ। ५ यसैकारण सबै किसिमका प्रयत्नद्वारा तिमीहरूको विश्वासमा सद्‌गुण र सद्‌गुणमा ज्ञान थप, ६ ज्ञानमा आत्मसंयम, आत्मसंयममा धैर्य, धैर्यमा भक्ति, ७ भक्तिमा भातृ-स्नेह, भातृ-स्नेहमा प्रेम थप। ८ किनकि यी कुराहरू तिमीहरूमा प्रशस्त छन् भने हाम्रा प्रभु येशू ख्रीष्टको ज्ञानमा यी कुराहरूले तिमीहरूलाई बेकम्मा र निष्फल हुनदेखि बचाउनेछन्। ९ किनकि यी कुराहरूमा अभाव भएको मानिसचाहिँ पुराना पापहरूबाट शुद्ध भएको कुरा बिर्सेर अन्धा र टाढ़ाका कुरा नदेख्नेजस्तो हुन्छ।"१० यसैकारण भाइ हो, तिमीहरूको बोलावट र चुनाउ निश्चय गर्नलाई अझ जोशिला होओ, किनकि यी कुरा गर्नाले तिमीहरू कहिल्यै लोट्‌नेछैनौ।" र फिलिप्पी ४:८ "अन्त्यमा भाइ हो, जे कुरो सत्य छ, जे कुरो आदरणीय छ, जे कुरो न्यायसङ्गत छ, जे कुरो शुद्ध छ, जे कुरो प्रेम-योग्य छ, जे कुरो कृपामय छ, यदि केही श्रेष्ठता, प्रशंसाको योग्य केही छ भने यी नै कुराका विचार गर।"

बाइबलमा देखाएको अनुसार येशूको नमुना भएर र तिनीहरूको चर्चमा सदव्यवहार गरेर चल्न इसाई बाबुआमाको नैतिक जिम्मेवारी हो। परिवार र समाजमा येशूको आदर्श के हो भन्ने ज्ञान आफ्नै उदाहरणद्वारा प्रस्तुत गर्नुपर्दछ। पवित्र विवाहलाई हल्का रुपमा लिनु अत्यन्तै गैर जिम्मेवारी हो। पवित्र विवाह वा श्रीमान र श्रीमतीको बीचको सम्बन्धले आफ्नो चर्चप्रति येशूको सम्बन्ध कस्तो छ भनेर देखाउँदछ वा पवित्र परिवार येशू र चर्चको प्रतिक हो। जब बाबु र आमाले उचितरूपमा वा आदर्शरूपमा उदाहरण बनेर घरलाई परिवारलाई अगुवाइ गर्न अस्वीकार गर्छन् वा दवाउने र निरङ्कुस प्रवृत्तिले घर चलाउँछन् भने तिनीहरूले आफ्ना छोराछोरीहरूको निम्ति येशूको गलत चित्रण दिइरहेका हुन्छन्। अन्यायी, अत्याचारी, दमन गर्ने बाबुआमाले समाजमा नै परमेश्वरको चरित्रको गलत सूचना दिइरहेको हुन्छ। व्यवस्था ६:२-९मा भनिएको छ "२ सम्पूर्ण जीवनभरि परमप्रभु तिमीहरूका परमेश्वरको

भय मानेर तिमीहरू र तिमीहरूका छोराछोरी र नातिनातिनाले उहाँका सबै विधि र आज्ञाहरू पालन गर्नू, कि तिमीहरूको आयु लामो होस्। ३ हे इस्राएली हो, यी सबै पालन गर, ताकि तिमीहरूको भलो होस्, र परमप्रभु तिमीहरूका पिता-पुर्खाका परमेश्वरले तिमीहरूलाई प्रतिज्ञा गर्नुभएझैं दूध र मह बहने देशमा तिमीहरूको खूब वृद्धि पनि होस्। ४ हे इस्राएल, सुन, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ। ५ तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले आफ्नो सारा प्राणले र आफ्नो सारा शक्तिले प्रेम गर। ६ मैले आज तिमीहरूलाई सुनाएका आज्ञाहरू आफ्नो मनमा राख। ७ ती तिमीहरूले आफ्ना छोराछोरीहरूलाई होशियारीसाथ सिकाओ। घरमा बस्दा, बाटोमा हिँड्दा, ढल्केर सुत्दा र उठ्दा तिनको चर्चा गर। ८ ती आफ्ना हातमा चिन्हको लागि कसिराख। ती तिमीहरूको निधारमा बाँधिराख। ९ ती आफ्ना घरका द्वारको चौकोस र मूल ढोकाहरूमा लेख।" अर्थात् आफ्ना छोराछोरीहरूले इमान्दारी र लगनशील भएर सिकाउन परमेश्वरले "म इसाई हुँ" भनेर दावी गर्नेहरूलाई आदेश दिनुभएको छ। हृदयदेखि नै परमेश्वरलाई प्रेम गर्न सिकाउने काम बाबुआमाको जिम्मेवारी हो। परमेश्वरप्रति कसरी पूरा समर्पित हुन, उहाँलाई कसरी श्रद्धा राख्न र कसरी प्रेमपूर्वक भक्तिभाव राख्ने भनेर बाबुआमाले सिकाउनुपर्दछ।

परमेश्वरले उहाँका जनहरूलाई कस्तो महान् कामहरू गर्नुभयो भन्ने पाठ सिकाउन विशेष निर्देशन व्यवस्था ६:७मा दिइएको छ। यदि त्यसबेलाका यहूदीहरूले आफ्ना छोराछोरीहरूलाई परमेश्वरले गर्नुभएको महान् कामहरू सिकाउने विषयहरू होला तर हामी येशूको क्रुसको पछि रहेकाहरूले त झन कस्तो महान् कथाहरू वा पाठहरू हाम्रा सन्तानलाई सिकाउन सक्छौं होला?

स्वस्थ वातावरणमा हाम्रा छोराछोरीहरूले परमेश्वरको सत्यतालाई निरन्तररूपमा घरपरिवारमा सिकिरहनुपर्दछ। त्यसले गर्दा येशूसँगको तिनीहरूको सम्बन्धलाई सक्रिय र सृजनात्मक बनाइ राख्न तयार पार्दछ।

अन्तमा आएर, हामीले जे सिकाएतापनि वा जसरी सिकाएतापनि हामी प्रत्येकलाई परमेश्वरले आत्मनिर्णयको पवित्र बरदान दिनुभएको छ। जब हाम्रा छोराछोरीहरू हुर्कन्छन् वा ठूलो हुन्छन् र आफूहरूले निर्णय गर्न सक्ने जिम्मा लिन्छन् तब तिनीहरूले जे गरेतापनि तिनीहरू परमेश्वरप्रति जवाफदेही हुन्छन्।

## ५. तिमीहरू विर्सेला

प्रतिज्ञा गरिएको देशमा भित्रिनुभन्दा अघि मोशाले इस्राएलीहरूलाई परमेश्वरले तिनीहरूलाई कसरी अचम्म तरिकाले अगुवाइ गर्नुभयो भनेर याद दिलाएका थिए। परमेश्वरले तिनीहरूको निम्ति के गर्नुभयो सो नबिर्सन तिनीहरूलाई बारम्बार सम्झाएका थिए। परमेश्वरले तिनीहरूलाई के गर्नुभयो सो नबिर्सन उनले बारम्बार अर्ति दिएका थिए। यथार्थमा भन्ने हो भने व्यवस्थाको पुस्तक मोशाको अन्तिम इच्छापत्र वा करार भनेपनि हुन्छ। हजारौं वर्ष अघि बर्तमान हाम्रो जीवन, संस्कार समाज र परिस्थितिभन्दा अत्यन्तै फरक भएतापनि त्यस पुस्तकमा लेखिएका नीतिहरू हाम्रो जीवनमा पनि कार्यान्वन गर्नु हाम्रो निम्ति भलो हुन्छ भन्ने कुरा बुझ्नु जरुरी छ।

**व्यवस्था ६ अध्याय पढ्नुहोस्। त्यसमा हामीलाई धेरै कुराहरू सिकाइएको छ, जस्तैः इसाई शिक्षाका नीतिहरू कस्तो हुनुपर्दछ? हाम्रा सन्तानलाईमात्र होइन परमेश्वर र उहाँको महान् मुक्तिको कामको बारेमा थाहा नपाउनेलाई सिकाउँदा हामीले सिकाउने विषयवस्तुको केन्द्रविन्दु के हुनुपर्दछ? परमेश्वरको नीतिनिर्देशन अनुसार नचल्दा कस्तो हानी हामीलाई हुनसक्छ भनेर कस्ता चेतावनीहरू त्यहाँ उल्लेख गरिएका छन्? हेर्नुहोस्, "१ तिमीहरूले यर्दन पार गई अधिकार गर्न लागेको देशमा पालन गर्न भनी परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई सिकाउन मलाई हुकुम गर्नुभएका आज्ञा, विधि र विधान यी नै हुन्। २ सम्पूर्ण जीवनभरि परमप्रभु तिमीहरूका परमेश्वरको भय मानेर तिमीहरू र तिमीहरूका छोराछोरी र नातिनातिनाले उहाँका सबै विधि र आज्ञाहरू पालन गर्नू, कि तिमीहरूको आयु लामो होस्। ३ हे इस्राएली हो, यी सबै पालन गर, ताकि तिमीहरूको भलो होस्, र परमप्रभु तिमीहरूका पिता-पुर्खाका परमेश्वरले तिमीहरूलाई प्रतिज्ञा गर्नुभएझैं दूध र मह बहने देशमा तिमीहरूको खूब वृद्धि पनि होस्। ४ हे इस्राएल, सुन, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ। ५ तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले आफ्नो सारा प्राणले र आफ्नो सारा शक्तिले प्रेम गर। ६ मैले आज तिमीहरूलाई सुनाएका आज्ञाहरू आफ्नो मनमा राख। ७ ती तिमीहरूले आफ्ना छोराछोरीहरूलाई होशियारीसाथ सिकाओ। घरमा बस्दा, बाटोमा हिँड्दा, ढल्केर सुत्दा र उठ्दा तिनको चर्चा गर। ८ ती आफ्ना हातमा चिन्हको लागि कसिराख। ती तिमीहरूको निधारमा बाँधिराख। ९ ती आफ्ना घरका द्वारको चौकोस र मूल ढोकाहरूमा लेख। १० जब परमप्रभु आफ्ना परमेश्वरले**

तिमीहरूका पिता-पुर्खा अब्राहाम, इसहाक र याकूबसँग तिमीहरूलाई दिनेछु भनी प्रतिज्ञा गर्नुभएको देशमा पुऱ्याउनुहुनेछ– तिमीहरूले नबनाएका ठूला-ठूला र राम्राराम्रा सहरहरू भएको देशमा, ११ जहाँ तिमीहरूले नजुटाएका उत्तम थोकहरूले भरिभराउ भएका घरहरू हुनेछन्, र तिमीहरूले नखनेका इनारहरू र नरोपेका दाख र भद्राक्षबारीहरू हुनेछन्– जब तिमीहरूले खाएर अघाउनेछौ, १२ तब होशियार गर, र तिमीहरूलाई दासत्वको देश मिश्रबाट निकाली ल्याउने परमेश्वरलाई नभुल्नू। १३ तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्वरकै डर मान्नू, उहाँकै सेवा गर्नू र उहाँकै नाउँमा शपथ खानू। १४ तिमीहरूका वरिपरिका जातिहरूका अरू देवताहरूका पछि नलाग्नू, १५ किनकि तिमीहरूका बीचमा रहनुहुने परमप्रभु तिमीहरूका परमेश्वर डाही परमेश्वर हुनुहुन्छ। नत्रता परमप्रभु तिमीहरूका परमेश्वरको क्रोध तिमीहरूमाथि दन्कनेछ, र उहाँले तिमीहरूलाई पृथ्वीबाट नाश गर्नुहुनेछ। १६ मस्सामा झैं तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्वरको परीक्षा नगर। १७ परमप्रभु तिमीहरूका परमेश्वरका आज्ञाहरू र उहाँले तिमीहरूलाई दिनुभएका नियम र विधिहरू होशियारीसाथ मान। १८ परमप्रभुको दृष्टिमा जुन-जुन कुरा ठीक र असल छन् त्यही गर, ताकि तिमीहरूको कल्याण होस्, र तिमीहरूका पितापुर्खासँग परमप्रभुले शपथ खाएर प्रतिज्ञा गर्नुभएको त्यो असल देश तिमीहरूले कब्जा गर, १९ र परमप्रभुले भन्नुभएझैं तिमीहरूले आफ्ना सबै शत्रुहरूलाई तिमीहरूका सामुन्नेबाट धपाओ। २० भविष्यमा जब तिम्रो छोराले "परमप्रभु हाम्रा परमेश्वरले दिनुभएका यी नियम र विधिविधानहरूको अर्थ के हो?" भनी सोध्ला, २१ तब तिमीहरूले त्यसलाई भन्नू: "हामीहरू मिश्रमा फारोका कमारा थियौं, र परमप्रभुले हामीलाई मिश्रबाट आफ्नो बाहुबलले निकाली ल्याउनुभयो। २२ परमप्रभुले हाम्रा आँखाकै सामुन्ने मिश्रीहरू, फारो र उनका सबै घरानामाथि अत्यन्तै भयानक अचम्मका चिन्ह र आश्चर्य कामहरू देखाउनुभयो। २३ हाम्रा पिता-पुर्खाहरूसँग शपथ खाएर दिनेछु भनी प्रतिज्ञा गर्नुभएको देशमा ल्याउन उहाँले हामीलाई त्यहाँबाट निकाल्नुभयो। २४ परमप्रभुले नै हामीलाई यी सबै विधि पालन गर्ने र परमप्रभु हाम्रा परमेश्वरको भय मान्ने आदेश दिनुभएको हो, ताकि हाम्रो निरन्तर हित होस्, र आज पर्यन्तझैं हाम्रो जीवनको पनि रक्षा होस्। २५ उहाँका आदेशबमोजिम उहाँको दृष्टिअगि परमप्रभु हाम्रा परमेश्वरका यस सारा व्यवस्था पालन गर्न हामी होशियार भयौं भने, त्यही नै हाम्रो धार्मिकता हुनेछ।"

परमेश्वरले उहाँका जनहरूको निम्ति कस्तो अचम्मको कामहरू गरिरहनुभएको छ सो तिनीहरूका छोराछोरीहरूलाई मूल विषयबस्तुको रूपमा तिनीहरूले सिकाउन मोशाले अऱ्हाएका थिए। साथै, तिनीहरूको निम्ति परमेश्वरले जुन सबै कामहरू गर्नुभयो सो नबिर्सन पनि चेतावनी उनले दिएका थिए। हुनत, यदि छोराछोरीहरूको जीवनमा बाइबलका शिक्षादीक्षाहरू समावेश गर्नु छ भने तिनीहरूले ती शिक्षादीक्षाहरूको बारेमा पर्याप्त ज्ञान हुनुपर्छ, तिनीहरूलाई आफ्नै जीवनमा लागु गराउन सक्नुपर्छ र तिनीहरूले आफ्ना छोराछोरीहरूलाई सिकाउन तिनीहरूसँग समय बिताउन तयार हुनुपर्छ। यो मामिलामा आफूहरू जिम्मेवार भएको बाबुआमाहरूले सम्झनुपर्दछ र त्यसको निम्ति आफूहरूलाई कसरी व्यवस्थापन गर्ने सो जिम्मेवार लिनुपर्दछ।

"बालकको प्रथम् शिक्षक आमा हो। बालक छिटोछिटो बढ्छन् र त्यसबेला जे देख्छन्, सुन्छन् त्यो तिनीहरूको दिमागमा जिन्दगीभर कोरिएको हुन्छ। आफ्नो बालकको दिमागमा के राख्न चाहन्छ त्यो राख्ने कामको ठूलो अभिभारा आमाकै हातमा हुन्छ।"-एलेन जी ह्वाइट, एजुकेशन, पृ. २७५बाट रूपान्तरित।

बाबुआमाले परमेश्वरका प्रतिज्ञाहरू र प्रेम सिकाउने समय अत्यन्तै संवेदनशील र महत्त्वपूर्ण समय हो। परमेश्वरको ज्ञान र प्रतिज्ञाहरू व्यक्तिगतरूपमा आफ्ना छोराछोरीहरूलाई सिकाउने नियमित बानी बसाल्न सकियो भने त्यसले तत्काल तपाईंको परिवारलाईमात्र होइन आउने पिँढीहरूलाई पनि प्रभाव पार्न सक्दछ।

**यो पद फेरि पढ्नुहोस्: "ती तिमीहरूले आफ्ना छोराछोरीहरूलाई होशियारीसाथ सिकाओ। घरमा बस्दा, बाटोमा हिँड्दा, ढल्केर सुत्दा र उठ्दा तिनको चर्चा गर।" व्यवस्था ६:७। यहाँ के भन्न खोजिरहेको छ? हाम्रा छोराछोरीहरूको निम्तिमात्र होइन हामीहरूकै जीवनमा त्यहाँ लेखिएको अर्तिले परमेश्वरको अस्तित्वको वास्तविकतालाई कसरी निर्णात्मक चरणमा हामीलाई राख्दछ?**

## उपसंहारः

**थप जानकारीः एलेन जी ह्वाइटद्वारा लिखित एजुकेशन पुस्तको देहायका अध्यायहरू पढनुहोस्: पृ. २७५-२८५को "प्रिपरेशन", पृ. २८३-२८६को "कोअपरेशन" र पृ. २८७-२९७को "डिसिप्लिन।"**

"आफ्ना बालबालिकालाई सुरुदेखि र पछिसम्म तालिम दिने कामको जिम्मेवारी बाबुको पनि हो र आमाको पनि हो भन्ने ठान्नु जरुरी छ। आफ्ना बालबालिकाहरूलाई सिकाउने कुरामा दुवै बाबुआमा होशियारी हुनुपर्छ र के सिकाउने भन्ने कुरामा दुवैले पूरा तयार गर्नुपर्छ। यस मामिलालाई दुवै बाबु र आमाले अत्यावश्यक ठान्नुपर्दछ। बाबु र आमा हुने जिम्मेवारी सम्हाल्नुभन्दा पहिले पुरुष र महिलाले शारीरिक विकाशको बारेमा जानकारी हुनुपर्छ...मानसिक विकाश र नैतिक तालिमको नीतिहरू पनि तिनीहरूले बुझ्नु पर्दछ।"-एलेन जी ह्वाइट, *एजुकेशन,* पृ. २७६बाट रूपान्तरित।

"एक आपसमा सहयोग गरेर चल्ने काम बाबु र आमाले घरेलु जीवनमै देखाएर सुरु गर्नुपर्दछ। आफ्ना छोराछोरीहरूलाई हुर्काउने जिम्मेवारी दुवै बाबुआमा एक भएर जुत्नुपर्दछ। छोराछोरीहरू पाएपछि हुर्काउने जिम्मेवारी दुवैको हो। तिनीहरू निरन्तररूपमा एक भएर आफ्ना बालबालिकालाई हुर्काउने प्रयास गर्नुपर्दछ। बाबुआमाले आफूहरूलाई परमेश्वरमा समर्पण गरोस् र एक आपसलाई सम्हाल्न उहाँसँग सहयोग मागोस्।...जब बाबुआमाले आफ्ना छोराछोरीहरूलाई सिकाउँछन् र तालिम दिन्छन् त्यस्ता बाबुआमाले स्कूलका शिक्षकहरूको आलोचना कमै गर्छन्। आफ्ना छोराछोरीहरूलाई हुर्काउन र सिकाउन जिम्मेवारी बोकेका स्कूल वा शैक्षिक संस्थालाई सम्मान गर्न र त्यसका नीतिहरूलाई सकेसम्म उचाल्ने जिम्मेवारी बाबुआमाको पनि हो भन्ने बुझ्नु जरुरी छ किनभने दुवै बाबुआमा र स्कूल वा शैक्षिक संस्थाले छोराछोरीहरूको हितको निम्ति काम गरिरहेको हुन्छन्। स्कूल वा शैक्षिक संस्थाले आफ्नो नीतिहरू विद्यार्थीहरूको हितको निम्ति कार्यान्वन गर्ने भएकोले बाबुआमाबाट ती नीतिहरूलाई आफ्ना छोराछोरीहरूको सामु समर्थन गर्न स्कूल वा शैक्षिक संस्थाको न्यायपूर्ण माग हो।"-एलेन जी ह्वाइट, *एजुकेशन,* पृ. २८३बाट रूपान्तरित।

**चिन्तनमनन:**

**अ. हामीसँग छोराछोरीहरू होस् वा नहोस् हामी जो भएतापनि वा जहाँ भएतापनि कुनै न कुनैरुपमा घरेलु वातावरणमा रहन्छौं। हामी सबैले एक आपसमा कुनै न कुनै किसिमले अन्तर्क्रिया गर्दछौं वा पारस्परिक सम्बन्ध राख्दछौं। यस अध्यायमा तपाईंले के सिक्नुभयो जसले गर्दा**

तपाईं जहाँ भएतापनि कसैसँग पारस्परिक सम्बन्ध राख्दा वा गवाही दिँदा कस्तो व्यवहार गर्नुपर्छ?

आ. शिक्षा पाउनु असल हो भनेर हामी सबैले ठान्छौं। (शिक्षा आर्जन गर्नबाट कसले विरोध गर्दछ र?)। तर शिक्षा सधैं असल हुन्छ र? शिक्षा पाउनेको नाउँमा वा ज्ञान आर्जन गर्ने नाउँमा त्यस्तो कस्तो शिक्षा होला जसले मानिसलाई भ्रष्ट बनाउँछ र खराब काम गर्न उक्साउँछ? कुनै पनि शिक्षा, विज्ञान वा आविश्कारहरू जसले मानिसलाई बिगार्न वा ध्वस्त बनाउँछ त्यो आम मानिसको हित बिपरित हुन्छ। त्यो शिक्षाको नकारात्मक पक्ष हो। तर ती नकारात्मक उदाहरणहरूबाट हामीले के सिक्न सक्छौं जसले हाम्रो शिक्षालाई असल बनाउन परिणत गर्न सक्छौं?

इ. चौथो बुँदामा हामीले अध्ययन गऱ्यौं कि परमेश्वरले हामीलाई आत्मनिर्णयको पवित्र स्वतन्त्रता हामीलाई सुम्पिनुभएको छ। ढिलो वा चाँडो, हाम्रा छोराछोरीहरू जब हुर्कन्छन् र ठूलो हुन्छन् तब तिनीहरूले परमेश्वरको बारेमा सानैदेखि सिकेका ज्ञानहरूलाई मानेर उहाँको बाटोमा हिंड्ने किन नहिंड्ने निर्णय तिनीहरू आफैले गर्नुपर्ने हुन्छ। त्यसकारण सबै बाबुआमा वा जोसुकै किन नहोस् जब सुसमाचार सुनाइन्छ परमेश्वरले दिनुभएको आत्मनिर्णयको स्वतन्त्रताको निर्णायक सत्यतालाई हामीले किन दिमागमा राखिराख्नुपर्छ?

## कथा २
## 'अब तिमी बाँच्दैनौ"
## कुबेरा, ३१ (भारत)

मेरा बुबा र आमा भित्री भारतमा रहन्थे। तिनीहरू दुवै जना इसाई परिवारबाट आएका थिएनन्। बिबाह गरेपछि तिनीहरू ठूलो सहर बङ्गलुरु वा बङ्गलोरमा सरे। त्यहाँ मेरो बुबाले पुलिस अफिसरको काम गर्नुहुन्थ्यो। जब मेरी आमा गर्भवति भइन् तब उनलाई गाऱ्हो भएको थियो। अपरेशन गरेर बच्चा जन्मेपछि उनी मर्नेछिन् भनेर डाक्टरले भनेका थिए। त्यो सुनेर सबै जना दिक्क माने। तिनीहरूले त्यो बच्चालाई माया गर्थे। त्यो बच्चा स्वस्थ र राम्रो थियो। "तपाईंको बच्चा कस्तो चितिक्क परेको छ। के मलाई दिन सक्नुहुन्छ?" एक जना बिरामीले माग्यो। "म त्यस बच्चालाई पाल्छु। तिमी मरिहाल्नेछौ" डाक्टरले भन्यो। तर सरला नाउँ गरेकी इसाई नर्सले मेरी आमालाई आशा नत्याग्नु भनेर सल्लाह दिइन्। "त्यहाँ परमेश्वर हुनुहुन्छ जसको नाउँ येशू हो। यदि तपाईंले उहाँलाई विश्वास गर्नुभयो भने सबै थोक ठीक हुनेछ" त्यस नर्सले भनिन्। "मैले त्यो परमेश्वरलाई चिनेको छैन। मेरो लागि प्रार्थना गरिदिनुहोस् न। मलाई सहयोग गर्नुहोस्" आमाले कमोजोर स्वरमा अनुरोध गरिन्।

सरलाले प्रार्थना गर्दा गर्दै आमा गहिरो निन्द्रामा परिन्। जब उनी सुतिरहेकी थिइन् सरलाले उनको शिरमा हात राखेर येशूसँग प्रार्थना गरिन्। सबैलाई अचम्म पारेर आमा निको भइन् र तीन दिनको छोरो बोकेर आफ्नो घर फर्किन्। अस्पतालको खाटमा रहिरहेका धेरै बिरामीहरूबाट आमाको निम्ति त्यस नर्सले प्रार्थना गरेको सुने। येशूले उनको जीवनलाई बचाउनुभएको थियो भनेर आमाले महसुस गरिन्। अनि आफ्नो हृदय येशूलाई दिने निर्णय गरिन्, तर कुन चर्चमा उनी जाने सो उनलाई थाहा भएन। बुबाले आमालाई सिधै सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा लग्नुभयो। बुबाले येशूलाई विश्वास गर्नुहुन्नथे तर त्यस सहरमा धेरै चर्चहरू छन् र त्यहाँ कसरी मानिसहरूले आराधना गर्छन् भनेर उहाँलाई थाहा थियो। बुबाको एक जना साथीले उहाँलाई भनेको थियो कि एडभेन्टिस्ट चर्चलेमात्र बाइबलको येशूलाई पूरै मान्छन्। "यो ठीक चर्च हो। तिमी यस चर्चमा गएर येशूको उपासना गर्नु" भनेर बुबा कडा भएर आमालाई भन्नुभयो। १४ वर्षभित्र आमाले सात वटा अरू

छोराछोरीहरू पाउनुभयो। आज, उनको जेठो छोरो भारतको एउटा कन्फरेन्सको अध्यक्ष छ। माइलो छोरो युरोपको आयरल्याण्ड भन्ने देशमा पास्टरी काम गर्छन्। उनको साहिँलो छोरो बङ्गलुरुको चर्च पास्ट भएको छ। उनका तीन जना छोरीहरू चर्चको स्कूलमा पढाउने काम गर्छन्। अर्को दुई छोराहरू मिसनमा काम नगरेतापनि चर्चको सक्रिय सदस्यहरू छन्। मचाहीँ सबभन्दा कान्छो। पहिलो छोरो जन्मेपछि आमा मर्ने थिइन्। तर विश्वासको प्रार्थनाले उनी जीवित भइन् र उनले आठ जना विश्वासिलो सेभेन्थ-डे एडभेन्टिस्ट छोराछोरीहरू जन्माइन्। आज मेरो जस्तै आमाको केवल एउटै नाउँ छ, त्यो हो कमलामामा। उनी स्वस्थ छिन् र आठ नातीनातीनाका ७२ वर्षिय हजुरमुमा हुनुहुन्छ। जब म हुर्कन्दै थिएँ तब आमाले मलाई परमेश्वरको यो वचन बराबर सुनाउनुहुन्थ्यो "१५ “के कुनै आमाले आफ्नो दूधेबालकलाई बिर्सन सक्छे र? आफूले जन्माएको बालकलाई के त्यसले टिठ्याउँदिनँ र? त्यसले बिर्सन पनि सक्छे, तर म त तिमीलाई बिर्सन सक्दिनँ। १६ हेर, मैले तिमीलाई मेरो हत्केलामा खोपेको छु। तिम्रा पर्खालहरू निरन्तर मेरै सामुन्ने छन्।"

उहाँको विश्वासले गर्दा आज हामी ठूलो परिवार येशूसँग हिँडिरहेकाछौं।

-आन्द्रुमेकचेस्नीलाई कुबेराले सुनाएको कथा